**Historical Journal** *Volume: 14* *Number: 1* *Feb. 2023* ***जगत नेपाल***

Received Date: Dec. 2022 Revised: Jan. 2023 Accepted: Feb. 2023

# पहिलो निर्वाचित संसद र मिडियाबीचको अन्तरसम्बन्ध

**जगत नेपाल**
उप-प्राध्यापक
रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि.
**Email:** jagatnepal@gmail.com
**DOI:** https://doi.org/10.3126/hj.v14i1.52974

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख नेपालको पहिलो निर्वाचित संसद र त्यसका काम कारवाहीलाई जनता माझ पुऱ्याउन नेपाली मिडियाले खेलेको भूमिकामाकेन्द्रीत रहेको छ । मुलुकको इतिहासमै पहिलो पटक जनताको अभिमतबाट निर्वाचित संसदले १८ महिना भन्दा बढी समय काम गर्न पाएन । त्यति बेलाको अन्धविश्वासी समाजमा राजालाई विष्णुको अवतार मानेर पुजिन्थ्यो । गरिवी, अशिक्षा, विकास,बेरोजगारीजस्ता समस्याबाट मुलुक गुज्रिएको त्यो समान्ती युगमा सिमित जमिन्दार र ठूला ठालूहरुकै बोलवाला चल्दथ्यो । आम जनतालाई नागरिक अधिकार र प्रजातन्त्रका बारेमा न जानकारी थियो न त चासो नै । जनतालाई सूचना, शिक्षा र अभिप्रेरणा दिने, अनी शासक वर्गका काम कारवाहीमाथि निगरानी राख्ने दायित्व बोकेको मिडियाले स्वतन्त्र र व्यवशायिक स्वरुप लिइसकेको थिएन । सरकारी स्वामित्वको रेडियो नेपाल र गोरखापत्र वाहेक निजी स्तरबाट चलेका सिमित पत्रपत्रिकाको पहुँच र प्रभावराजधानी काठमाडौंलगायत केही शहरी क्षेत्रमा मात्र सिमित थिए । प्रेसमैत्री वातावरण, आर्थिक श्रोत, दक्ष जनशक्ति, बजार र विज्ञापनको अभावमा मिडिया फष्टाउन सक्ने अवस्था थिएन । राजनीतिक दल र शक्तिको सहयोगमा चलेकाले सिमित पत्रिकाहरुले समेतपत्रकारिताको उत्तरदायित्व वहन गर्न सक्ने अवस्थामा थिएन । यस्तो अवस्थामा निर्वाचित व्यवस्थापिकाले उच्चतम् संसदीय अभ्यास गर्ने प्रयास गरिरहेको थियो । तर त्यो तहको प्रजातान्त्रिक अभ्यासका बारेमा जनतामा पनि अनुभव थिएन र मिडियाले पनि उनीहरुलाई जागरुक वनाउन सक्ने क्षमता राख्दैनथ्यो । निर्वाचित संसद र सरकार बलियो हुँदा दरवार कमजोर हुनु पुग्थ्यो । त्यही कारण राजा महेन्द्रले सैन्य बलको आडमा २०१७ साल पुष १ गते प्रथम जननिर्वाचित संसद र सरकार भंग गरी निरंकुश पञ्चायती शासनको शुत्रपात गरे । प्रस्तुत लेखको उद्देश्य पहिलो निर्वाचित संसद र मिडिया बीचको अन्तरसम्बन्धका बारेमा खोज गर्नु रहेको छ ।*

**मुख्य शब्द :** प्रेस, पत्रकारिता, संसदीय पत्रकारिता, संसद, विधेयक ।

## परिचय

आधुनिक लोकतन्त्रमा शक्ति सन्तुलनका दृष्टिले व्यवस्थापिका, कार्यपालिका र न्यापपालिका सरकारका मुख्य तीन अंग रहन्छन् । सिद्धान्ततः यी तीनवटै अंगले आ-आफ्नै क्षेत्राधिकारभित्र रहेर जनताको हितका पक्षमा सेवा प्रवाह गरेका हुन्छन् । मिडियाले सरकारका काम कारवाही बारे जनतालाई सूसूचित गर्ने, शिक्षा, मनोरञ्जन दिने र अभिप्रेरणा जगउने कार्य गर्दछ । भविश्यका लागि आवश्य स्रोतका रुपमा त्यसलाई अभिलेखीकरण गर्दछ । आवाजविहिनको आवाज प्रतिनिधित्व गर्दछ ।नेतृत्वलाई उसको दायित्व बारे सचेत गराउछ । त्यसैले १८औं शताब्दीको अन्त्यतिर बेलायती विद्वान इडमुन्ड बुर्केले मिडियालाई राष्ट्रको चौथो अंगका रुपमा व्याख्या गरेका थिए (म्याक्वेल, २०१२ : १६८) । राज्यका तीन मुख्य अंग कार्यपालिका, व्यवस्थापिका, न्यायापालिकालाई सन्तुलित र जनताप्रति जवाफदेही बनाउदै सबल राष्ट्रको निर्माण गर्न चौथो अंग अर्थात पत्रकारिताको भूमिका महत्वपूर्ण हुन्छ । तर त्यसका लागि चौंथो अंग स्वयं सशक्त र सवल हुनु आवश्यक हुन्छ । त्यो बेला जनप्रतिनिधिहरुले प्रभावकारी रुपमा काम गर्न नसक्नु, नपाउनु र निर्वाचित संसदले १८ महिना मात्र पनि काम गर्न नपाउदै राजाबाट संसद भंग गरिनुको मुख्य कारण मिडियाको शसक्त र प्रभावकारी भूमिका हुन नसक्नु पनि

प्रमुख कारण थियो । त्यस अर्थमा मिडिया राज्यका ससक्त अंगका साथै खवरदारीको एक पहरेदार पनि हो । राज्यमा हुने ठूला परिवर्तनमा मिडियाको भूमिका शक्तिशाली रहेको हुन्छ ।यस अनुसन्धानमूलक लेखको उद्देश्य नेपालको पहिलो संसद र मिडियाका बीचको अन्तरसम्बन्धका बारेमा जानकारी गराउनु रहेको छ ।

## अध्ययन विधि र सीमा

प्रस्तुत लेख संसद सचिवालयका प्रकाशन, विभिन्न विद्धानहरुका पूर्व प्रकाशित सामग्रीको अध्ययन, अन्तवार्ता र विभिन्न पत्रपत्रिकामा प्रकाशित समाग्रीमा आधारित भएकाले यो प्राथमिक र सहायक दुवै स्रोतमा आधारित रहेको छ । नेपालको पहिलो निर्वाचित संसदको कार्यकाल २०१६ असार १६ देखि २०१७ पुष १ गतेसम्म कायम रहेको मुलुकको पहिलो निर्वाचित संसदले गरेका काम र त्यो वेलाको संसदीय पत्रकारिताका विषयमा केन्द्रीत छ । लेखनका क्रममा वर्णनात्मक र विष्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## जनअधिकार खोसेर निर्वाचन घोषणा

राणा शासनको अन्त्यसँगै २००७ सालमा राजा त्रिभुवनले दुई वर्ष भित्र संविधानसभा निर्वाचन गरी जनप्रतिनिधि मार्फत संविधान बनाउने घोषणा गरेका थिए ।तर त्यसपछि आठ वर्षसम्म पनि दरवारको अवरोधका कारण चुनाव हुन सकेन । संविधानसभा चुनाव भयो भने आफ्नो अधिकार रहँदैन रसभाले राजतन्त्र समेत अन्त्य गर्न सक्छ भन्ने त्रासका कारण दरवारमा शक्ति केन्द्रीत गर्दै राजाले संविधानसभा टार्ने रणनीतिअवलम्वन गरे (थापा,२०७१ असार २२)। राजा त्रिभुवनको शासनकालसम्म दरवार खुलेर निर्वाचन नगराउने पक्षमा देखिएको थिएन । तर उनका उत्तराधिकारी राजा महेन्द्र गद्दिमा बसेपछि जसरी पनि संविधानसभाको निर्वाचन हुन नदिने रणनीतिमा लागिरहे । प्रत्येक्ष शासन चलाउने, आफू खुसी सरकार वनाउने र विघटन गर्ने राजनीतिक प्रयोग चलाएर दरवारले आठ वर्षसम्म संविधानसभाको निर्वाचन हुन दिएन । संविधान सभाको पक्षमाराजनीतिक दलहरुले बढाएको दवाव खेप्न नसकेपछि राजाले आफ्नो सहयोग विना निर्वाचित सरकार चल्न नसक्ने प्रावधान सहित नेपाल अधिराज्यको संविधान २०१५ घोषणा गरे । अनी जनतासंगको संझौता तोडेर २०१५ साल फागुन ७ गतेदेखि संसदको निर्वाचन प्रारम्भ हुने घोषणा गरे । एक पछि अर्को वहान वनाएर चुनाव हुनै नदिने दरवारको रणनीति बुझेर दलहरु संसदको चुनाव स्वीकार्न वाध्य भए (गिरी, २०६६ : १३१) । शिक्षा र चेतनाको अभावका कारण आम जनतालाई संविधानसभा वा संसद्मा के फरक छ र कुन बढी आवश्यक छ भन्ने कुरासग कुनै सरोकार थिएन । त्यो अवस्थामा राजाले संविधानसभा टारेर आफ्नो हात माथि पार्न चाहनु अकस्वाभविक थिएन (गौतम, २०६६: २९३) । सेना, प्रहरी राजाकै अधिन र इसारामा थिए । लाखौं जनताले राजालाई विष्णुको अवतार मानेर पाइलाको माटो टिपेर टीका लगाउन पाउनुलाई सौभाग्य ठान्दथे ।

चेतनशील जनता, सशक्त आमसञ्चार माध्यम, बलिया राजनीतिक दल, नागरिक समाज नभएको त्यो समाजमा राजाको घोषणाको प्रतिवाद गर्न सक्ने क्षमता जनतामा पनि थिएन (नेपाल, २०७३ : १४५-१५३)। चेतनाको दृष्टिले आम जनता र नेपाली समाज परिपक्व भइसकेको थिएन । केही अपवादलाई छोडेर सिङ्गो मुलुकभर यातायातको सुविधा थिएन । अधिकांश नागरिकलाई नागरिकको अधिकार के हो ? लोकतन्त्रलाई सवल बनाउन कस्ता जनप्रतिनिधि चयन गर्नु पर्दछ र किन गर्नु पर्दछ भन्ने चेतना थिएन । समाज परिवर्तनका पक्षमा शसक्त भूमिका खेल्न सक्ने मिडियाको क्षमता र वातावरण थिएन । पहिलो संसदका सदस्य अच्युतराज रेग्मीको भनाईमा ‘भोटभन्दा तिब्बत बुझ्ने जनता भएको समाजमा प्रजातन्त्र, नागरिक अधिकारका विषयमा धेरैलाई ज्ञान थिएन (रेग्मी : २०७५ वैशाख २) । पहुच र प्रभावका दृष्टिले नेपाली मिडिया अत्यन्त कमजोर थियो । त्यस्तो अवस्थामा मुलुकमा पहिलो संसदीय निर्वाचन भएको थियो ।

## चुनावी वातावरण र मिडियाको भूमिका

प्रेसकमिसन (२०१५) को रिर्पोटमा नेपाली पत्रकारिताको दारुण अवस्थालाई विरही (२०६०) यसरी चित्रित गर्दछन् कि

*'बिहान उठेर वा अघिल्लो दिन राती नै सम्पादकीय लेखिसकेको हुन्छ । बिहान उठेर खबरहरु उसले पढ्छ । विज्ञापनको रुपरेखा बसाल्छ, प्रुफ पढ्छ, बिल काट्छ, अखबार बिक्री वितरणको स्रेस्ता तयार गर्छ, ठाउँ ठाउँमा गएर पैसा उठाउँछ अनि, फेरि अर्को ठाउँमा समाचार सङ्कलन गर्न दौडिन्छ । केही एक-दुई वर्षभएको छ कि नेपालमा पत्रिकाहरुको कार्यालय देख्न थालेको । यसभन्दाअघित उनीहरुको सुत्ने कोठा नै कार्यालय हुन्थ्यो ।* (२९८)

मिडिया अत्यन्तकमजोर अवस्थामा रहेको, सूचना प्रवाह र जनमतका निर्माणका लागि प्रेसले शसक्त भूमिका निर्वाह गर्न नसेको परिस्थितिमा मुलुकमा पहिलो पटक संसदका लागि निर्वाचन हुँदै थियो । त्यसैले पनि निर्वाचन प्रचार प्रसारमा वर्तमान समयमाजस्तो सञ्चारमाध्यमको प्रयोग कल्पना बाहिरको कुरा थियो । तैपनि निर्वाचन प्रचार र जनचेतना अभिवृद्धिका लागि रेडियो नेपाल र गोरखापत्रको प्रयोग भएको पाइन्छ । निजी स्तरबाट सञ्चालित साप्ताहिक पत्रिकाले पनि शहरी क्षेत्रमा आफू निकट दल र उम्मेद्वारहरुको पक्षमा जनमत बनाउन भूमिका खेलेका थिए (रिसाल : २०७६ जेठ २७)।निर्वाचन बारे जनचेतना जगाउन देशमा विभिन्न स्थानमा निर्वाचन आयोगले नमुना चुनाव गराइएको थियो भने रेडियो नेपालबाट चुनावी वार्ता, विभिन्न भाषामा तयार गरिएका चुनावसम्बन्धी लोकगीत बजाइएको थियो (नेपाल, २०७३ : १४५-१५३)। नौ दलका तर्फबाट ५ सय १८ र स्वतन्त्र २ सय ६८ गरी ७ सय ८६ जना उम्मेदवार मैदानमा उत्रिएका थिए । जनतालाई मतदान गर्न अपिल गर्दै गोरखापत्रमा प्रकाशित एउटा सूचनामा भनिएको थियो- 'आमनिर्वाचन केवल आठ दिन मात्र बाँकी छ । निर्वाचन सफल तुल्याउन मद्दत गर्नुहोस् ।' त्यही अङ्कमा प्रकाशित अर्को विज्ञापनको व्यहोरा यस्तो थियो कि 'निर्वाचन नजिक छ । शान्त वातावरणमा निक्कै नै बुद्धि पुऱ्याएर स्वदेशी तथा सबैभन्दा सज्जन र उपकारी जो छ, जसको आनीबानीलाई वर्षौंदेखि तपाईंहरुले थाहा पाउनुभएको छ । त्यसैलाई भोट दिनुहोस् (गोरखापत्र : २०१५ माघ २७)। भौगोलिक विकटता र सडक यातायातको अभावका कारण उम्मेद्वारहरुले मतदातासम्म पुग्न पैदलै हिडेर वा घोडामा जानु पर्ने अवस्था थियो । कतिपय उम्मेद्वारले आफू अनुकूल स्थानीय भाषामा गीत बनाएर गाँउदै मत माग्न घरदैलो अभियान चलाएका थिए । जनतासम्म आफ्ना बिचार पुऱ्याउन सानो हाते माइकबाट कोणसभालाई सम्बोधन गर्नेदेखि पर्चा पाम्प्लेट बाड्ने काम भएका थिए । २०१५ साल फागुन ७ गते शुरु भएको निर्वाचन ४५ दिनपछि चैत्र २८ गते सकिएको थियोभने निर्वाचनको अन्तिम परिणाम २०१६ वैशाख २८ गते प्रकाशन गरिएको थियो ।

## रोचक चुनावी परिणाम

कुल १०९ वटा निर्वाचन क्षेत्रका लागि गरिएको निर्वाचनमा ७४ (दुई तिहाई) सिट जितेर नेपाली कांग्रेस पहिलो दल बनेको थियो । १९ सिट सहित गोरखापरिषद् दोस्रो दल भयो । एक चौथाई सिट नजितेका कारण एक वर्षसम्म गोर्खा परिषद्ले विपक्षीको मान्यता पाउन सकेन ।सभामुख कृष्णप्रसाद भट्टराईले २०१७ असार ४ गते गोरखा परिषद्का नेता भरत शमशेर राणालाई औपचारिक रुपमा प्रमुख प्रतिपक्षी दलको नेताका रुपमा मान्यता दिएका थिए(नेपाल, २०७२ : १२५)।नेपाल कम्युनिष्ट पार्टीले चार स्थानमा विजय हासिल गरेको थियो । निर्वाचनमा भाग लिएका नौवटा दलहरुमध्ये नेपाली कांग्रेसका सभापति विश्वेश्वर प्रसाद कोइराला वाहेक आठवटा पार्टीका सभापतिहरु पराजित भएका थिए । क्षेत्र नं. ६६ डडेलधुरामा नेपाली कांग्रेसका तर्फबाट निर्वाचित द्वारिकादेवी ठकुरानी एक मात्र महिला संसदथिइन् । बीपी कोइरालाको नेतृत्वमा गठन भएको सरकारमा उपमन्त्री भएर उनले मुलुककै पहिलो महिला मन्त्रीको इतिहास रचेकी थिइन् । अर्को रोचक घटना हो गोर्खाबाट पराजित कांग्रेसका उम्मेद्वार कृष्णप्रसाद भट्टराई प्रतिनिधिसभाको पहिलो सभामुख भएका थिए ।

पहिलो संसद २०१५ को स्वरुप

| क्र.स | विवरण | २०१५ निर्वाचनमा प्राप्त मत | प्राप्त सिट संख्या |
|---|---|---|---|
| १ | कांग्रेस | ६ लाख ६६ हजार ८९८ | ७४ |
| २ | राष्ट्रिय गोर्खा परिषद | ३ लाख ५ हजार ११८ | १९ |

| | | | |
|---|---|---|---|
| ३ | संयुक्त प्रजातन्त्र पार्टी नेपाल | १ लाख ७७ हजार ४०८ | ५ |
| ४ | नेपाल कम्युनिष्ट पार्टी | १ लाख २९ हजार १४२ | ४ |
| ५ | नेपाल प्रजापरिषद् (घन कोदालो) | ५३ हजार ३८ | २ |
| ६ | नेपाल प्रजापरिषद (हालो) | ५९ हजार ८२० | १ |
| ७ | नेपाल प्रजातान्त्रिक महासभा | ५९ हजार ८९६ | ० |
| ८ | तराई कांग्रेस | ३६ हजार १०७ | ० |
| ९ | नेपाली राष्ट्रिय कांग्रेस | १२ हजार ७०७ | ० |
| १० | स्वतन्त्र | २ लाख ९१ हजार २४७ | ४ |
| ११ | जम्मा खसेको मत | १७ लाख ९१ हजार २८१ | १०९ |

*श्रोत : नेपालको संसदीय निर्वाचन दर्पण, २०६३, निर्वाचन आयोग, काठमाण्डौं ।*

त्यो निर्वाचनमा मन्त्रीपरिषद्का अध्यक्ष सुवर्णशमशेर राणाले तीनवटा क्षेत्रबाट निर्वाचित भएर कीर्तिमान कायम गरेका थिए । नेपालको संसदीय इतिहास (२०१५-२०७९) मा एकै पटक तीन क्षेत्रबाट निर्वाचित हुने राणा एक मात्र नेता हुन् । उनीक्षेत्र ५२, ५३ र ९१ बाट विजयी भएका थिए । राणाले जितेको गुल्मी निर्वाचन क्षेत्र नं. ९१ मा त उनी पुगेका पनि थिएनन् । उनले वारेसनामा मार्फत उम्मेद्वारी दिएका थिए भने१० हजार मतको अन्तरले विजयी भएका थिए । त्यस निर्वाचनमा १० हजार मत अन्तरमा जित्ने चारजना र १० हजारभन्दा बढी मत प्राप्त गर्ने १४ जना उम्मेदवार मात्र थिए (नेपाल, २०७२ : ४२) । त्यो निर्वाचनको अर्को रोचक पक्ष के पनि थियो भने निर्वाचन सम्पन्न गराउने मन्त्रीपरिषद्का अध्यक्ष र निर्वाचन आयोगका प्रमुख आयुक्त दुवै जनाको नाम सुवर्णशमशेर राणा नै थियो । नेपालमा संसदीय प्रजातन्त्रको जग बसाउन ती दुई सुवर्णहरुले एकै समयमा पुऱ्याएको योगदान इतिहासमा निकै महत्वको रहेको छ ।

### क्षेत्राधिकार मिचेर सरकार गठन र संसद आव्हान

राजा महेन्द्र जनप्रतिधिहरुको निर्वाचित संस्था संसद शक्तिशाली भएको हेर्न रुचाउदैनथे । कुनै दलको बहुमत नआउने गुप्त सूचना पाएपछि मात्र उनले निर्वाचनको मिति घोषणा गरेका थिए । तर पूर्वानुमान विपरित नेपाली कांग्रेसले दुई तिहाईको अपार विजय प्राप्त गरेपछि उनी सशंकित भएका थिए । संसदीय व्यवस्थामा कानून बनाउने, बजेट पारित गर्ने, सरकार बनाउने मुख्य जिम्मेवारी संसदको हुन्छ । तर राजाले निर्वाचित सरकार गठन भएर संसद अधिवेशन आव्हन गर्नु अघि नै आफैले बनाएको सैनिक कानुन जारी गरेका थिए । जुन संसदीय मूल्य, मान्यता र सिद्धान्तविपरित थियो । प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइरालाको भनाईमा -'संसद्केही होइन, म नै सर्वेसर्वा हुँ । म जे चाहन्छु, त्यही हुन्छ भन्ने सन्देश दिनराजाले सेनालाई संसदको नियन्त्रण बाहिर राख्ने गरी सैनिक ऐन बनाएका थिए । जो अत्यन्त अस्वाभाविक थियो(कोइराला,२०६७ : २१२) । सैनिक ऐनमा लालमोहर लगाएपछि मात्र उनले संसदमा दुई तिहाई बहुमत प्राप्त दल नेपाली काङ्ग्रेस संसदीय दलका नेता बीपीकोइरालालाई सरकार गठनका लागि आमन्त्रण गरेका थिए ।२०१६ साल जेठ १३ गते बीपी कोइरालाको नेतृत्वमा मुलुकको पहिलो जननिर्वाचित सरकार गठन भएको थियो ।त्यसपछिका दिनमा पनि राजाबाट विधायिकाको अधिकारमाथि अतिक्रमण भैरहेको थियो ।

वि.सं.२०१६ साल आषाढ १६ गते रातको ११.४५ बजे बस्ने गरी निर्वाचित संसदको पहिलो अधिवेशन आव्हान गर्नु अघि नै राजाले श्रावण १ गतेदेखिलागू हुनेगरी राजदरबारको खर्च र दरबारका कर्मचारीहरुको सेवा, सर्त रसुविधासम्बन्धी कानुन जारी गरेका थिए । त्यो कानूनअनुसार राजाको वार्षिक सुविधा १४ लाख १०हजार नेपाली रुपैयाँ, ८ लाख ५४ हजार भारतीय रुपैयाँ, २५ एकल र २५ डबलअसर्फी तथा रानीका लागि एक लाख नेपाली र एक लाख भारतीय रुपैयाँ दिने व्यवस्थागरेका थिए(नेपाल, २०७२ : ९९)। त्यतिबेला प्रधानमन्त्रीको तलव मासिक १५ सय मात्र तोकिएको थियो । संसदको तुलनामा दरवारको बजेट कैयौ गुणा वढी थियो । यस्ता घटनाले निर्वाचन भए पनि, नभए पनि राजा नै सर्वेसर्वा हुन् भन्ने सन्देश प्रवाह गरिरहेको थियो । तत्कालीन

अवस्थामा राजालाई साक्षात भगवान मान्ने समाजलाई प्रजातन्त्र, संसदीय व्यवस्था, जनअधिकार र परिवर्तनका बारेमा बुझाउने काम सहज थिएन । परिवर्तनको पक्षमा तत्काल जागरण ल्याउन सक्ने क्षमता पनि नेपाली प्रेससंग थिएन। प्रजातन्त्रका आधारभूत सिद्धान्त विपरित राजाबाट उठाइएका कदम विरुद्ध तत्कालीनराजनीतिक दल, नागरिक समाज र प्रेसले शसक्त आवाज उठाउन सकेको थिएन ।

## सदनमा जनआवाजको प्रतिनिधित्व

संसदीय व्यवस्थामा सरकार संसदप्रति उत्तरदायी रहन्छ । जनप्रतिनिधिले प्रश्न मार्फत सरकारलाई जनताप्रति उत्तरदायी बनाउछन् र उसका गलत काम कारवाही माथि लगाम लगाउँदछन् । त्यो संसदमा प्रश्नोत्तर कार्यक्रम निक्कै लोकप्रिय थियो । संसदको अभिलेख हेर्दा चीनले सगरमाथामा गरेको दावी, भारतीय प्रधानमन्त्रीले नेपालको सार्वभौमिकता माथि असर पर्ने गरी दिएको अभिव्यक्तिका विषयहरु माथि सांसदहरुले उठाएका प्रश्न, प्रधानमन्त्री बीपी कोइरालाको जवाफ र भारतीय प्रधानमन्त्रीले माफी मागेको प्रसंग, त्यसै गरी चिनीया सेनाको गोलीवाट एक नेपाली सुवेदारको मृत्यु भएको विषयमा संसदमा चलेको बहस, नेपाल र चीनका प्रधानमन्त्रीहरु बीच भएका पत्राचार जस्ता विषयमा माफी माग्दै चीन सरकारले नेपाललाई क्षतीपूर्ति बापत ५० हजार तिरेको प्रसंग र अनुभव भावी दिनका लागि समेत महत्वपूर्ण पाठको विषय बन्न सक्दछ ।

तत्कालीन विपक्षी दलका नेताभरतशमशेरले भनेका थिए कि प्रश्नोत्तरकोसमयमा मन्त्रीहरुलाई अप्ठ्यारोपार्ने प्रक्रिया भने लगातार चल्थ्यो । खास गरी मेरो र गणेशमानजीका बीच हास्यरसभरिएको दोहोरी चली नै रहन्थ्यो तर कुनै कटुताको आभासबिना नै (गौतम, ०६१: ४८)। प्रतिनिधिसभाका दुई वटा अधिवेशन भए । जम्मा १४१ वटा बैठकहरु बसे । त्यो अवधिमा सांसदहरुले ११११३ प्रश्न सोधेका थिए र तिनको सम्बहिन्धत मन्त्रीहरुले जवाफ दिएका थिए (संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा-महासभा, २०१६-२०१७, २०७७ : ८)।बीपी कोइराला आफैले भारत भन्दा पनि नेपालको संसद एकदमै राम्रोसंग चलेको र त्यसमा सभामुख कृष्णप्रसाद भट्टराईको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरेका थिए । नेपालको पहिलो संसदले कोरेको बाटोमा मुलुक अघि बढेको भए नेपाल उहिलेदेखि नै प्रजातान्त्रिक संस्कारमा हुर्किन पाउने थियो भन्ने आशय बीपी कोइरालाको रहेको पाइन्छ । त्यो बेला विपक्षीको उच्च सम्मान गर्ने, हरेक मुद्धामा प्रयाप्त तयारी गरी प्रस्तुत हुने, संसदको काम कारवाहीलाई प्रधानमन्त्रीदेखि सांसदसम्मले उच्च प्राथमिकता दिने गरेको पाइन्छ । 'पहिलो संसदको अठार महिनाको अवधिमा विपक्षीहरुलेजम्मा पटक आधा घण्टाका लागि बैठक बहिस्कार गरेका थिए (गौतम, २०६१ : ४८) । नेपाल कम्युनिस्ट पार्टी संसदीय दलका नेता तुलसीलाल अमात्यले भनेका अनुसार 'संसद्भित्र र बाहिर पनि हामीले असरदार भूमिका खेल्यौ । फेरि पनि संसद्भित्र हो हल्ला गर्ने, रोष्टम कव्जा गर्ने, हुलहुज्जत गर्ने काम हामीले गरेनौं (अमात्य, २०६२ : १५५) । संसदमा होहल्ला गर्ने, कुर्सी भाच्ने, सदन बहिस्कार गर्ने, तथ्यहिन आरोप प्रत्यारोपमा ओर्लिने अभ्यास भएको थिएन । पहिलो संसदमा उच्च तहको संसदीय अभ्यास भएको थियो जसले गर्दा आज पनि त्यो कालखण्डको संसदीय अभ्यासलाई आदर्शका रुपमा लिने गरिएको छ ।

## बजेट र करको दायरा निर्धारण

अर्थमन्त्री सुवर्णशमशेर राणाले पहिलो पटक २०१६ साल साउन १ गते र दोस्रो पटक २०१७ असार ३१ गते प्रतिनिधिसभामा बजेट प्रस्तुत गरेका थिए(संसदीय विवरण पुस्तिका २०१६-२०१७, २०७७ : १६)।सिद्धान्ततः संसदीय व्यवस्थामा जनताका प्रतिनिधिहरुको अनुमोदन विना करका दायरा तोक्न र बजेट खर्च गर्न पाइदैन भन्ने मान्यता छ । नेपालको इतिहासमा पहिलो पटक निर्वाचित जनप्रतिनिधिबाट बजेट पारित गरी खर्च गर्ने परम्परा पनि पहिलो संसदबाटै शुरु भएको थियो । धनाढ्य वर्गबाट उठाएको करबाट गरिव जनतालाई शिक्षा, स्वास्थ्य, यातायात र रोजगारीका क्षेत्रमा सहुलियत दिने नीति त्यही संसदले अवलम्वन गरेको हो । ती दिनहरुमा सांसदहरुले प्राथमिक स्कूल, स्वास्थ्य चौकी, हुलाक, खाने पानी, घोरेटो बाटो जस्ता माग सरकारसंग राख्ने गरेको

संसदको अभिलेखमा पाइन्छ । जनप्रतिनिधिहरुका मागलाई दृष्टिगत गरी सरकारले हरेक निर्वाचन क्षेत्रमा तीनवटाका दरले विद्यालय खोल्ने, हुलाक विस्तार गर्ने, खानेपानी, स्वास्थ्य चौकी विस्तार गर्ने काम गरेको पाइन्छ ।

**विर्ता उन्मुलन**

मुलकको अर्थतन्त्र कृषि उत्पादनमा निर्भर थियो । तर कृषियोग्य भूमि कृषकको पहुँच भन्दा वाहिर थियो । देशको कूल कृषियोग्य जमीनमध्ये झण्डै ४० प्रतिशत राणा परिवार र केही जमिन्दारको हातमा थियो । राणा प्रधानमन्त्रीहरु चन्द्र शमशेर र भीमशमशेरका सन्तानहरुको अधिनमा मात्र झण्डै साढे तीन लाख विघा जमिन थियो । पहिलो निर्वाचित संसदले२०१६ पुस १९ गते बिर्ता उन्मूलन गर्ने निर्णय गरेको थियो । सरकारका उपप्रधान तथा अर्थमन्त्री सुवर्णशमशेर राणाले आफ्नो नाममा रहेको १२ हजार बिघा जमिन गरिव जनतालाई वितरण गर्ने घोषणा गर्दै विर्ता उन्मुलनको प्रारम्भ गरे । त्यो समयमा विर्ता उन्मुलन गर्ने सरकारको कदम सबै भन्दा क्रान्तिकारी थियो । विर्ता उन्मुलन विधेयक पारित भएपछि प्रधामनन्त्री बीपी कोइरालाले संसदमा भनेको कुरालाई देवकोटा (२०३६)ले उल्लेख गर्दै भनेका छन् कि-

*हामी भूमिसम्बन्धी समस्याको समाधान गरी जमिनमा केवल जोत्नेकै अधिकार रहने दिशातिर देशलाई लैजान चाहन्छौं । यस कुराको पहिलो चरणमा किसानलाई मोहियानी हक दिलाउनु तथा जमिन जोताहाले मालिकलाई उब्जाउको आधाभन्दा बढी बुझाउन नपर्ने गराउनु सरकारको लक्ष्य हो । देशलाई चाँडै अगाडि बढाउन हामीले गरिब तथा शोषितहरुको पक्षपाती नीति लिएका हौं । यसबाट केही धनीलाई तकलिफ हुन जान्छ भने हामी केही गर्न सक्दैनौं ।* (२५९)

**मिडिया : संसद र जनतावीचको सेतु**

सरकारी सञ्चार माध्यम 'रेडियो नेपाल' र गोरखापत्रका अतिरित्त हालखबर, समाजलगायत केही निजी सञ्चार माध्यमका प्रतिनिधिहरु नियमित रुपमा रिपोर्टिङका लागि संसद भवन (ग्यालरी बैठक) जाने गर्दथे । उनीहरुमध्ये अधिकांशमा पत्रकारिताको औपचारिक शिक्षा र ज्ञानको अभाव थियो । संसद्को समाचार कसरी लेख्ने ? संसद सञ्चालन प्रक्रिया के कस्तो हुन्छ ? संसद् सञ्चालनका विधि र नियम के हुन् ?भन्ने बिषयमा पत्रकार नै अनभिज्ञ थिए (रिसाल : २०७६ जेठ २७)। तर सिक्ने, जान्ने उत्सुकता उनीहरुमा थियो । संसदीय प्रकृया र पद्धतिका बारेमा नबुझेका कुरा उनीहरु पूर्व पत्रकार भएका कारण सभामुख कृष्णप्रसाद भट्टराईसंग सोध्ने गर्दथे । संसदले उच्च स्तरको संसदीय अभ्यास गरे पनि त्यस बारे मिडियाले जनतालाई सूचना, शिक्षा र अभिप्रेरणा दिने भूमिका निर्वाह गर्न सकेको थिएन ।

**निष्कर्ष**

जनताका प्रतिनिधिहरुको शासन व्यवस्था लोकप्रिय र बलियो हुँदा दरवार कमजोर हुन्थ्यो । जुन कुरा तत्कालीन राजा महेन्द्रका लागि स्वीकार्य थिएन । त्यो परिस्थितिमा संसदीय प्रजातन्त्र रक्षाका लागि राजनीतिक दल, जागरुक नागरिक तथा प्रेसको भूमिका अपरिहार्य थियो । तर शिक्षा र चेतनाको दृष्टिले पिछडिएको, सामन्ती रुढीवादी समाजमा राजनीतिक दल र स्वार्थ समूहबाट सञ्चालित नेपाली मिडियाको पहुँच, प्रभाव अत्यन्त न्यून थियो । त्यो अवस्थामा आम जनतालाई प्रजातन्त्र र नागरिक अधिकारका बारेमा बुझाएर जनमत बनाउने उत्तरदायित्व पुरा गर्ने क्षमता नेपाली प्रेससँग थिएन । त्यस माथि प्रेसका आफै सीमा र वाध्यता थिए । तथ्यमा रहेर आलोचना गर्नु प्रेसको धर्म नै हो । तर आफू निकट दलको समर्थन र विरोधीको तिखो आलोचना गर्ने बाहेक नेपाली प्रेस व्यवसायीक धर्म निर्वाह गर्न सक्ने अवस्थामै थिएन । अधिकांश मिडिया राजनीतिक दलको आर्थिक सहयोगमा उनीहरुकै मुखपत्रका रुपमा सञ्चालित थिए । वर्तमान समयमा जस्तो सशक्तमिडिया, बलिया राजनीतिक दल, नागरिक समाज, शिक्षित र चेतनशील जनता भएको भए त्यतिबेला राजाले संसदीय व्यवस्था कू गर्न सक्ने थिएनन् ।

## सन्दर्भ सामग्री सूची

अमात्य, तुलसीलाल, (२०६२). *संस्मरणका पानाहरु.* तुलसीलाल स्मृति प्रतिष्ठान ।
अर्याल, दीपक, केसी भूवन र पाठक, तिलक(२०७०), *मिडिया रिडर.* जगदम्वा प्रकाशन ।
कोइराला, बीपी, (२०६७). *आत्मवृत्तान्त.* जगदम्बा प्रकाशन ।
गिरी, प्रदीप (सम्पा.).(२०६६). *विश्वेश्वरप्रसाद कोइरालाका राजनीतिक अभिलेख.* विद्यार्थी पुस्तक भण्डार ।
गौतम्, राजेश (२०६१). *नेपालको प्रजातान्त्रिक आन्दोलन र विद्रोही भरतशमशेर.* कृष्णमुरारी अधिकारी, श्रीराम श्रेष्ठ ।
गौतम्, राजेश (२०६६). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस भाग २.* कृष्णमुरारी अधिकारी, श्रीराम श्रेष्ठ ।
दाहाल, काशीराज (२०६८). *आमसञ्चार र कानुन.* नेपाल प्रेस इन्स्टिच्युट ।
देवकोटा, ग्रीष्मबहादुर (२०३६९). *नेपालको राजनीतिक दर्पण, दोस्रो भाग.* अर्जुनबहादुर देवकोटा ।
निर्वाचन आयोग *(२०७८). नेपालको निर्वाचन इतिहास.* निर्वाचन आयोग ।
*निर्वाचन आयोग (२०७३).* नेपालको निर्वाचन इतिहास (भाग २). निर्वाचन आयोग ।
नेपाल, जगत (२०७२). *पहिलो संसद्, बीपी महेन्द्र टकराव.* सांग्रिला बुक्स ।
नेपाल, जगत, २०७३, *पहिलो निर्वाचित संसद र पत्रकारिता.* संसदीय मामिला पत्रकार समाज ।
नेपाल गजेट भाग ३, २०१६ असाढ १५ गते ।
पण्डित, लोकदर्शन (२०६३). *नेपालको संसदीय निर्वाचन दर्पण.* निर्वाचन आयोग ।
प्रतिनिधिसभा-महासभा (२०१६-२०१७) (२०७७). *संसदीय विवरण पुस्तिका.* संघीय संसद् सचिवालय सिंहदरबार ।
म्याक्वेल, डेनिस, २०१०, मास कम्युनिकेसन थ्योरी, नयाँ दिल्ली सेज पब्लिकेशसन इण्डिया प्रा.लि. ।
विरही, हरिहर (सम्पा.) (२०६०). *प्रकाशनको दिग्दर्शन.* नेपाल प्रेस काउन्सिल ।
शर्मा नेपाल, रामहरी (२०५९). *आत्मवृतान्त.* आत्मवृतान्त अभिलेखन सेवा ।
सत्याल, जीवनलाल(२०४८). *संसदभित्र.* संसद सचिवालय सिंहदरबार ।

### अन्तर्वार्ता

पूर्व प्रधानमन्त्री तथा महासभा सदस्य सूर्यवहादुर थापासंग २०७१ असार २२ गते गरिएको अन्तर्वार्ता ।
पूर्व सांसद (२०१५) अच्युतराज रेग्मीँग २०७५ बैसाख २ गते गरिएको अन्तर्वार्ता ।
पत्रकार भैरव रिसालसंग २०७६ जेठ २७ गते गरिएको अन्तर्वार्ता ।